सम्बत् २०७५ साल असोज २१ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय आयुक्त श्री गणेशराज जोशीको डेनमार्क भ्रमण स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—

क) लगानी बोर्ड ऐन २०६८ को दफा ९ को उपदफा (१) को खण्ड (ड) बमोजिम ग्रिड कनेक्टेड सोलार फोटा भोल्टाईक र ब्याट्री स्टोरेज परियोजना, रिभर पोर्ट सम्बन्धी परियोजना, र डिजिटल म्याग्नेटिक ईन्डुसर जेनेरेटर सम्बन्धी विकासकर्ताको परियोजनालाई सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार विकास तथा निर्माण गर्ने सिलसिलामा सम्भाव्यता अध्ययन, ईजाजत, सर्वेक्षण अनुमति, लगानी स्वीकृती लगायत परियोजना कार्यान्वयन तथा सहजिकरण गर्न लगानी बोर्डलाई तोक्ने, र

ख) लगानी बोर्ड ऐन २०६८ को दफा ९ को उपदफा (१) को खण्ड (ड) बमोजिम द्रुतगत सडक, सुरूङ्गमार्ग, रोपवे, स्काई रेल, केवलकार, मोनोरेल, ग्राभिटी ईनर्जी, वैकल्पिक ऊर्जा उत्पादन, वितरण तथा सञ्चालन, स्मार्ट सिटी, मेडिसिटी, स्पोर्ट्स सिटी, साहसिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा संचालन, सभागृह निर्माण वा अन्य यस्तै प्रकारका परियोजना सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार विकास तथा निर्माण गर्ने प्रयोजनका लागि लगानी स्वीकृती, अध्ययन अनुमति, कार्यान्वयन तथा सहजिकरण गर्न लगानी बोर्डलाई तोक्ने।

३. अर्थ मन्त्रालय– नागरिक लगानी कोषको सञ्चालक समितिका अध्यक्ष श्री महाश्रम शर्माले अध्यक्ष पदबाट दिनु भएको राजिनामा स्वीकृत गर्ने र नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(२) को खण्ड (क) बमोजिम डा. श्री रामचन्द्र भट्टराई, काठमाडौंलाई कोषको सञ्चालकमा मनोनयन गरी दफा २५(३) बमोजिम सञ्चालक समितिको अध्यक्ष तोक्ने ।

४. अर्थ मन्त्रालय– जापान सरकारले सिन्धुली सडकको सुधारको लागि प्रदान गर्ने सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय– भारतको उदयपुरमा आयोजना हुने Asian Credit Supplementation Institution Confederation (ACSIC) को ३१ औं सम्मेलनमा सहभागी हुन निक्षेप तथा कर्जा सुरक्षण कोषका अध्यक्ष तथा महालेखा नियन्त्रक श्री सुरेश प्रधानको भ्रमण स्वीकृत गर्ने।

६. अर्थ मन्त्रालय– इन्डोनेशियाको बालीमा आयोजना हुने विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त बार्षिक बैठकमा नेपालको तर्फबाट संयुक्त राज्य अमेरिकाका लागि महामहिम राजदुत डा. अर्जुन बहादुर कार्कीलाई विश्व बैङ्कको Temporary Alternative Governor तोकी प्रतिनिधिमण्डलमा समावेश गराउने।

७. अर्थ मन्त्रालय– विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउने तथा कार्यकुशलतामा सुधारको लागि बजेट सहायतास्वरुप उपलब्ध हुने ऋण रकम स्वीकार गर्ने ।

८. अर्थ मन्त्रालय– विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट नेपालको वित्तीय क्षेत्र स्थायित्वको लागि बजेट सहायता स्वरुप उपलब्ध हुने सहुलियतपुर्ण ऋण रकम स्वीकार गर्ने ।

९. अर्थ मन्त्रालय— उखु उत्पादक कृषक, चिनी उद्योग र उपभोक्ता हितलाई ध्यानमा राखेर उखु उत्पादन, चिनी उद्योग संरक्षण तथा बजार व्यवस्थापनका विषयको सुझाव दिन कार्यदल गठन गर्ने ।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय—

१. साविक घरेलु तथा साना उद्योग विभागअन्तर्गत रहेको घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रलाई लघु ,घरेलु तथा साना उद्योगको लागि आवश्यक उद्यमशिलता विकास र सीपमूलक तालिम तथा प्रशिक्षण दिने जिम्मेवारी तोकी संलग्न सूचीबमोजिमको दरबन्दीसहित "राष्ट्रिय लघु ,घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र" को रूपमा उद्योग विभागअन्तर्गत राख्ने ।

२. उक्त राष्ट्रिय लघु ,घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई उपलब्ध गराउने ।

३. सबै प्रदेशहरूमा यस्ता प्रशिक्षण केन्द्रहरू स्थापना गर्दै जान उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक गृहकार्य गर्ने ।

११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— निकासी पैठारी सम्बन्धी सूचित आदेश स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– आ. व. ०७५।७६ मा विकास आयोजना/कार्यक्रमको लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

१३. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– राजपत्रांकित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१४. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– सम्मेलनमा भाग लिन पठाउने विषयको प्रस्ताव प्रस्ताव फिर्ता गर्ने ।

१५. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यूलाई सर्बियाको बेलग्रेडमा आयोजना हुने Euro Asia Energy Security Forum मा सहभागी हुन स्वीकृति दिने।

१६. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय– फान्सको पेरिसमा आयोजना हुने Financial Action Task Force (FATF) Plenary बैठकमा भाग लिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतम को भमण स्वीकृती गर्ने ।

१७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय– न्याय सेवा आयोगको सिफारिस बमोजिम सहसचिव श्री रमेश ढकाललाई नेपाल न्याय सेवाको राजपत्रांङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा पदस्थापना गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) को समेत कामकाज गर्न तोक्ने ।

१८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय– जश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ बमोजिम उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री जिवनहरि अधिकारीलाई राजश्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष तोक्ने ।

१९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय– देहायका निकायहरुलाई विद्यमान संगठन संरचनामा सुधार गर्ने गरी निरन्तरता दिने :

१ राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर ।

२ दुग्ध विकास संस्थान, लैनचौर, काठमाण्डौं ।

३ नेपाल पशु चिकित्सा परिषद, त्रिपुरेश्वर काठमाण्डौं ।

२०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय– अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

२१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय– सार्वजनिक विश्लेषक (दाना पदार्थ) तोकि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

२२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय– सार्वजनिक विश्लेषक (खाद्य पदार्थ) तोकि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

२३. गृह मन्त्रालय– सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२४. परराष्ट्र मन्त्रालय– नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूहको बाँकी कार्य सम्पन्न गर्नका लागि नपुग रकम व्यवस्थापन गर्ने ।

२५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय– Committee on Elimination of All Forms of Discrimination Against Women (CEDAW) को ७१ औं सभामा सहभागी हुने विषयको प्रस्ताव फिर्ता गर्ने ।

२६. युवा तथा खेलकुद मन्त्रालय– राष्ट्रिय युवा परिषद् (पहिलो संशोधन) विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृत दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२७. रक्षा मन्त्रालय— माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको नेतृत्वमा चीन भ्रमणमा जाने स्वीकृति दिने।

२८. वन तथा वातावरण मन्त्रालय– अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने।

३०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– अस्थायी दरवन्दी सिर्जना गर्ने ।

३१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— गोरखापत्र संस्थानको अध्यक्ष श्री गोविन्द पोखरेलको राजीनामा स्वीकृत गर्ने ।

३२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष पदमा कृष्णमुरारी भण्डारीलाई तोक्ने ।

३३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाको नेतृत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गसमेतलाई जर्मनी र स्वीटजरल्याण्डको अध्ययन/अवलोकन भ्रमण गर्न स्वीकृति प्रदान गर्ने।

३४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने ।

३५. निजामती सेवा ऐन, २०४९ को दफा १९ बमोजिम न्याय सेवा आयोगको सिफारिसमा सह न्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी, नायब महान्यायाधिवक्ताको पदमा बढुवा गरी महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन गर्ने ।

३६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २, जनकपुरका प्रमुख सचिव राजेश्वरमान सिंहले उमेरको हदको कारणबाट मिति २०७५/७/१४ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३७. एसियाली-अफ्रिकी कानून परामर्शदातृ संगठको ५७ औं अधिवेशनमा प्रतिनिधिमण्डलको नेताको रूपमा भाग लिनुहुने माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने ।

३८. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-३ दफा ९ को उपदफा (२) को व्यवस्था हाललाई कार्यान्वयन नगर्ने । यस विषयको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि (संशोधन सहित), २०७२ को परिच्छेद-३ दफा ८ को व्यवस्थालाई निरन्तरता दिने ।

३९. गोरखापत्र संस्थानका महाप्रबन्धक वसन्तप्रकाश उपाध्यायसँग सन्तोषजनक काम गरेको नदेखिएको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।६।५ को निर्णयअनुसार गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम ७ (सात) दिनको म्याद दिई स्पष्टीकरण (सफाई) माग गरिएकोमा निज महाप्रबन्धकले तोकिएको म्यादभित्र स्पष्टीकरण (सफाई) पेश नगरी गोरखापत्र संस्थानको च.नं. ७६३ मिति २०७५।६।१४ को पत्रमा सम्मानित सर्वोच्च अदालतमा निवेदन दायर गरेको भन्ने पत्र प्राप्त भएको । निज महाप्रबन्धकलाई सोधिएको स्पष्टीकरणको वस्तुगत आधारमा जवाफ दिनुपर्नेमा समयमा जवाफ नदिई अर्कै सन्दर्भमा निजउपर भएको कारवाहीको प्रसङ्ग उठाएर अदालतमा निवेदन गरेको भनी व्यक्तिगत कामको लागि अनधिकृत रूपमा संस्थानको लेटरप्याड र छाप प्रयोग गरी पत्र पठाएको देखिएको; संस्थानको आर्थिक विनियमावली बिपरित रकम सापटी लिएको; संस्थानलाई निश्चित योजना, कार्यक्रम, ब्यवस्थापकीय जिम्मेवारीसाथ अगाडि बढाउन नसकेको; गोरखापत्र दैनिकको प्रकाशन र बिक्री घटेको; बक्यौता रकम असुल नगरेको; कागजलगायत खरिद प्रक्रियामा अनियमित गने कर्मचारीहरूलाई कारवाही नगरेकोसमेत देखिन आएकोले निज महाप्रबन्धक वसन्तप्रकाश उपाध्यायलाई गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम संस्थानको महाप्रबन्धक पदबाट किन नहटाउने ? पदबाट हटाउनु नपर्ने कुनै कारण र आधारहरू भए निजसँग ३ (तीन) दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवमार्फत पुनः स्पष्टीकरण माग गर्ने र प्राप्त स्पष्टीकरण वा समयमा स्पष्टीकरण नदिए सोही व्यहोरा उल्लेख गरी मन्त्रिपरिषदमा पेश गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल असोज ५ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संवत् २०७५ साल असोज ११ गते बिहीबार राती १२.०० बजेदेखि संघीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत प्रहरी कर्मचारीलाई २०७२ श्रावण देखि लागू हुने गरी नेपाल प्रहरीका प्रहरी कर्मचारीलाई उपलब्ध गराए सरहको विमा सुविधा उपलब्ध गराउने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलको ताजकिस्तान भ्रमण समर्थन गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– भारतको नयाँ दिल्लीमा सञ्चालन हुने दिगो विकास लक्ष्यसम्बन्धी दक्षिण एशियाली फोरम (South Asia Forum on the Sustainable Development Goals) मा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेललाई सहभागी हुन स्वीकृति दिने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११क ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि राजस्व अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको उप–महानिर्देशक वा निर्देशक वा उपन्यायाधिवक्ता वा विभाग अन्तर्गत कार्यालयका प्रमुख अनुसन्धान अधिकृतलाई अनुसन्धान अधिकारी तोकि सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ स्वीकृत गर्ने ।

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) खण्ड (क) बमोजिमको कार्यकारी अध्यक्ष पदमा प्रा.डा. चैतन्य शर्मा मिश्र र खण्ड (ख) बमोजिमको सदस्य पदमा डा. मीना आचार्य, प्रा.डा. राजेन्द्रध्वज जोशी, प्रा.डा. सुरेन्द्र लाभ कर्ण र डा. गणेशबहादुर गुरुङलाई नियुक्ति गर्ने ।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् गठन गर्ने ।

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– प्रदेश नं. १ का माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीलाई दक्षिण कोरिया भ्रमणमा जान स्वीकृति दिने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– गण्डकी प्रदेशका माननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालललाई जापान भ्रमणमा जान स्वीकृत दिने ।

१०. अर्थ मन्त्रालय– भन्सार कार्यालय र मातहत छोटी भन्सार कार्यालय स्थापना गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

११. अर्थ मन्त्रालय— विद्यालय क्षेत्र विकास कार्यक्रममा जापान सरकारले प्रदान गर्ने अनुदान सहायता स्वीकार गर्ने।

१२. अर्थ मन्त्रालय— नेपाल र संयुक्त अधिराज्य सरकारवीच हुने द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौता वार्ता गर्ने ।

१३. अर्थ मन्त्रालय— समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१४. अर्थ मन्त्रालय– MCC Compact अन्तर्गतको विद्युत प्रसारण आयोजनालाई राष्ट्रिय गौरबको आयोजनाको रूपमा मान्यता दिने ।

१५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— औद्योगिक क्षेत्रको विकास र सञ्चालनमा निजी क्षेत्रको संलग्नता विषयको प्रस्तावित विषयमा माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री; माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र माननीय अर्थ मन्त्रीले अध्ययन गरी सुझावसहितको सिफारिस गर्ने ।

१६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— पेट्रोलियम पदार्थ र ग्याँसका विषयमा नेपाल-भारत Joint Working Group को बैठक गर्ने ।

१७. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– वैकल्पिक ऊर्जा विकास समिति (गठन) (सातौं संसोधन) आदेश,२०७५ स्वीकृत गर्ने ।

१८. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री, राष्ट्रिय योजना आयोगका ऊर्जा क्षेत्र हेर्ने माननीय सदस्य तथा यस मन्त्रालयका सचिवलाई चीनमा हुने नेपाल-चीन ऊर्जा लगानी फोरम तथा The Belt and Road Energy Ministerial Conference मा सहभागी हुन स्वीकृति दिने ।

१९. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– माथिल्लो अरुण जलविद्युत आयोजनालाई नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा गठित अपर अरुण हाइड्रो-इलेक्ट्रिक कम्पनीमार्फत विकास गर्ने।

२०. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय— राजपत्रांकित पदहरूको अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

२१. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय– बाह्र सय मेगावाट क्षमताको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजना इपिसिएफ मोडलमा विकास तथा निर्माण गर्न सम्झौता सम्पन्न गर्ने ।

२२. गृह मन्त्रालय– साविक सिंचाई मन्त्रालयमा करारमा कार्यरत ह.स.चा. निरन्जन अधिकारीको औषधोपचार वापत खर्च भएको रु. १,९२,३८५/- रकम आर्थिक सहायता उपलब्ध गराउने ।

२३. गृह मन्त्रालय– २०६४ सालको निर्वाचनमा खटिएको समयमा मृत्यु भएका प्रहरी जवान दिपेन्द्र अर्यालको नजिकको हकदार बुवा तुलसीराम अर्याललाई बीमा बापतको पन्ध्र लाख आर्थिक सहायता उपलव्ध गराउने ।

२४. गृह मन्त्रालय– १७ जिल्लाका राजपत्रांकित प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारीको दरबन्दीमा हाललाई रा.प. द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारीको दरबन्दी कायम गर्ने ।

२५. गृह मन्त्रालय– प्रहरी नियमावली, २०७१ को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम प्रहरी नायव महानिरीक्षकहरु श्री पुष्कर कार्की, श्री ठुले राई र श्री धिरु बस्नेतलाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने ।

२६. गृह मन्त्रालय– अजरवैजानको बाकुमा हुने "३rd Azerbaijan International Defense Exhibition" कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेललाई भाग लिन जान स्वीकृति दिने ।

२७. गृह मन्त्रालय— सुनसरी घटनामा मृत्यु भएका खुर्सीद आलमलाई शहीद घोषणा गर्ने र निजको परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने।

२८. परराष्ट्र मन्त्रालय– सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनको मित्रराष्ट्र चीनको औपचारिक भ्रमण भ्रमण समर्थन गर्ने ।

२९. परराष्ट्र मन्त्रालय— सान होजे र रोमका लागि अवैतनिक नेपाली वाणिज्यदूतहरुको पदावधि थप गर्ने ।

३०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय– महिला जागृती तथा बृद्धा आश्रम हाल बुढीगंगा गाउँपालिका १, मोरङ्गका नाममा जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

३१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय– United for Land Rights, Peace and Justice विषयक Global Land Forum मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री गोपीनाथ मैनालीलाई सहभागी हुन स्वीकृति दिने।

३२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय– मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (सत्रौं संशोधन) आदेश, २०७५,स्वीकृत गर्ने ।

३३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय– मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७५, स्वीकृत गर्ने ।

३४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन गर्न गठित व्यवस्थापन समितिको अध्यक्ष पदमा श्री युवराज सुवेदी, काठमाडौंलाई नियुक्ति गर्ने ।

३५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ को भाग-१ को द्रष्टव्यको बुँदा नं. २ मा "नम्बर प्लेटको माथिल्लो आधा भाग रातो र तल्लो आधा भाग सेतो रङ्गको पृष्ठभूमिमा क्रमशः सेतो र रातो रङ्गको अक्षर र अङ्कमा हुनु पर्नेछ" राखी संशोधन गर्ने।

३६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय–Committee on Elimination of All Forms of Discrimination Against Women (CEDAW) को ७१ औं सभामा माननीय मन्त्री थममाया थापाको नेतृत्वको प्रतिनिधिमण्डल सहभागी हुने ।

३७. रक्षा मन्त्रालय— अमेरिकाको Honolulu, Hawaii मा आयोजना हुने Transnational Security Cooperation Workshop मा सहभागी हुन रक्षा मन्त्रालयका सचिव विष्णुप्रसाद लम्साललाई स्वीकृति दिने ।

३८. रक्षा मन्त्रालय—सहायक रथी रघु भण्डारी र नरेश चन्द्र भट्टलाई उपरथी दर्जामा पदोन्नति गर्ने ।

३९. रक्षा मन्त्रालय—प्रमुख सेनानी राजेन्द्र मणी गिरी समेत ११ जना प्रमुख सेनानीलाई पदोन्नति गर्ने ।

४०. वन तथा वातावरण मन्त्रालय– साप्सुप खोला साना जलविद्युत आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिने।

४१. वन तथा वातावरण मन्त्रालय– माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतको नेतृत्वमा २ सदस्यीय प्रतिनिधि मण्डलबाट लण्डनमा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

४२. वन तथा वातावरण मन्त्रालय– माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतको नेतृत्वमा २ सदस्यीय प्रतिनिधि मण्डलबाट इथोपियामा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

४३. वन तथा वातावरण मन्त्रालय– वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीको नेतृत्वमा २ सदस्यीय प्रतिनिधि मण्डलबाट दक्षिण कोरियमा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

४४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– विकास समिति ऐन, २०१३ बमोजिम गठन भएका विकास समितिहरू यथावत रूपमा सञ्चालन गर्ने ।

४५. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय– अन्तर्राष्ट्रिय श्रम संगठनको ३३४औं गभर्निङ्ग बडीको बैठकमा भाग लिने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४६. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय– सामाजिक सुरक्षा कोषको अस्थायी दरबन्दी स्वीकृति विषयको श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालयको नं. १७/१६-०७५/६/२ को प्रस्ताव – प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४७. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— नेपाल र मलेसिया सरकारबीच हुने बैदेशिक रोजगारसम्बन्धी समझदारीपत्रको मस्यौदाउपर द्विपक्षीय वार्ता गरी अन्तिम रूप दिने प्रयोजनका लागि प्रतिनिधिमण्डल पठाउन स्वीकृति दिने ।

४८. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ स्वीकृत गर्ने ।

४९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— विकास समितिहरु प्रदेश सरकार अन्तर्गत राखी व्यवस्थापन गर्ने ।

५०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— विकास समितिहरु संघ अन्तर्गत राखी व्यवस्थापन गर्ने ।

५१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— संघीय पर्यटन ऐन तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

५२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत शाखा अधिकृत श्री हरिकृष्ण के.सी.लाई उपचार खर्च बापत रू.३,०८,६००/- थप आर्थिक सहायता दिने ।

५३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– वीरगञ्ज भन्सार कार्यालयमा कार्यरत नायव सुव्वा श्री संजिवकुमार सिंहलाई उपचार खर्च बापत रू. ५,००,०००/- थप आर्थिक सहायता दिने ।

५४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– खानेपानी तथा ढल व्यवस्थापन विभाग र आयोजना कार्यान्वयन समूहको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

५५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– सर्वोच्च अदालत र मातहतका निकायहरूको संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

५६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ स्वीकृत गर्ने ।

५७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय– संघको नयाँ संङ्गठन संरचनाबमोजिम स्वीकृत दरबन्दीभित्र नपरेका कर्मचारीहरूको व्यवस्थापन गर्ने ।

५८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय– नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने ।

५९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय—गोरखापत्र संस्थानको महाप्रबन्धक वसन्त प्रकाश उपाध्यायलाई गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १४ को उपदफा (१) बमोजिम ७ (सात) दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवमार्फत स्पष्टीकरण (सफाई) माग गर्ने ।

६०. सहरी विकास मन्त्रालय— प्रदेश अन्तर्गत सशर्त रुपमा हस्तान्तरण भई गएका विकास आयोजना/कार्यक्रम सञ्चालनका निम्ति आ.व ०७५।७६ का लागि राजपत्रांकित ७१(एकहत्तर) पदको अस्थायी दरवन्दी

स्वीकृत गर्ने र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०५।०२ को निर्णयानुसार कार्यान्वयन हुन सम्बन्धित प्रदेशमा पठाउने।

६१. सहरी विकास मन्त्रालय— अस्याथी दरबन्दी स्वीकृत गर्ने ।

६२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– स्विजरल्याण्डको जेनेभामा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एव स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको सहभागिता स्वीकृत गर्ने ।

६३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– जर्मनीको बर्लिनमा हुने कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या सचिवको सहभागिता विषयको प्रस्ताव मन्त्रालयबाटै सचिव बाहेकको उपयुक्त पदाधिकारीको प्रतिनिधित्व गराउने गरी प्रस्ताव फिर्ता गर्ने ।

६४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा हुने कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीको नेतृत्वमा ४ सदस्यीय प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने।

६५. महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५/६/१५ देखि अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

६६. गाउँपालिका, नगरपालिका तथा वडाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड स्वीकृत गर्ने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५।५।१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/५/२६ को बैठकबाट परिमार्जन भएको "गाउँपालिका, नगरपालिका तथा वडाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड" स्वीकृत गर्ने ।

६७. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहने प्रतिष्ठानहरू, जलस्रोत तथा सिंचाई विभाग आयोजना व्यवस्थापन समूहको पुल दरवन्दी र प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका सिंचाई व्यवस्थापन कार्यालयहरूको संगठन तथा दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५।५।८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।४।२६ को मन्त्रिपरिषद्, प्रशासन समितिको वैठकबाट सिफारिस भएअनुसार स्वीकृत गर्ने ।

६८. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५ स्वीकृति गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५।४।२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२९ को मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट प्रस्तावसाथ संलग्न स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५ को सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको "स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५" र "स्थानीय तहका कर्मचारीको विदेश भ्रमणसम्बन्धी निर्देशिका २०७५" परिमार्जनसहित स्वीकृत गर्ने ।

६९. महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को छैठौ आवधिक प्रतिवेदन माथि प्राप्त भएको List of Issues को जवाफ सहितको प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको उच्च आयुक्तको कार्यालयको CEDAW Committee मा पेश गर्न स्वीकृति दिने विषयको

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रस्ताव मिति २०७५।५।१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने " निर्णय भएअनुसार मिति २०७५।५।२८ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७०. "जिल्ला विकास समिति महासंघ नेपालको (दोस्रो संशोधन) विधान, २०७५ स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने " निर्णय भएअनुसार मिति २०७५।५।७ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकमा छलफल भई मन्त्रिपरिषद्समक्ष सिफारिस भएकोमा देहायबमोजिम गर्ने गरी अरू मन्त्रिपरिषद्, सामाजिक समितिको सिफारिस भएबमोजिम गर्ने–

प्रस्तावसाथ संलन जिल्ला विकास समिति महासंघ नेपालको (दोस्रो संशोधन) विधान, २०७५ को दफा ५६ को खण्ड ख. मा रहेको "नेपाल सरकार र प्रदेश सरकार, कुनै संस्था वा व्यक्ति वा" भन्ने व्यहोरापछि "नेपाल सरकारको पूर्व स्वीकृतिमा" भन्ने व्यहोरा थप गर्ने । ।

७१. दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५ स्वीकृत दिने विषयको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२२ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५" स्वीकृत गर्ने ।

७२. नेपालमा विद्युतीय व्यापार (E-Commerce) को राष्ट्रिय कार्ययोजना स्वीकृति गर्ने विषयको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्ताव मिति २०७५।५।१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।५।२७ को बैठकबाट सिफारिस भएबमोजिम प्रस्ताव गरिएका विषयहरू रणनीति पत्र/कार्ययोजनामा समेटिने गरी रणनीति तयार गर्नका लागि अन्तरमन्त्रालय/निकाय समिति गठन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

७३. स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजश्व छुट सम्बन्धी मापदण्ड, २०७५ स्वीकृति गर्ने विषयको अर्थ मन्त्रालयको प्रस्ताव मिति २०७५।५।१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/५/२७ को वैठकबाट परिमार्जन भएको "स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजश्व छुट सम्बन्धी मापदण्ड, २०७५" स्वीकृति गर्ने ।

७४. सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५ स्वीकृत गर्ने विषयको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्ताव मिति २०७५।५।८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/५/२० को वैठकबाट परिमार्जन भएको "सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५" स्वीकृत गर्ने ।

७५. Procedures for the Establishment of Airlines or Extension of Domestic Airlines for International Sector for International Air service Operation By Private Airlines in

Nepal विषयक परिमार्जित Terms of Reference (TOR) स्वीकृति गर्ने विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।४।१७ को बैठकबाट परिमार्जन भएको यसैसाथ संलग्न "नेपालका निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय हवाई सेवा संचालनका लागि इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५" को दफा २.२ को खण्ड ख. मा रहेको "अनियमित/पटके" भन्ने शब्दको सट्टा "अनिर्धारित" भन्ने शब्द राखी अरू मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भए बमोजिम स्वीकृत गर्ने ।

७६. अध्यागमन नीति, २०७५ स्वीकृति दिने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार समितिको मिति २०७५।४।२५ को बैठकबाट परिमार्जन भएको "अध्यागमन नीति, २०७५ पुनः छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, प्रशासन समितिमा पठाउने ।

७७. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत निम्नबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने -

(क) नोबल केमी राई ,साक्फारा-६ , हालः चुलाचुली-६ ,इलामलाई सात लाख रुपैयाँ ।

(ख) मेघराज निषाद ,नेपाली ,पर्सालाई पाँच लाख रुपैयाँ ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM